यस पन्ध्रौ गाउँसभाका अध्यक्ष एवम् मार्मा गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२को बजेट सार्बजनिकिकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण उपस्थित महानुभावहरुमा मार्मा गाउँपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।
स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्ष पश्चात प्राप्त भएको हो । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि जनयुद्द जनआन्दोलन, मधेश आन्दोलन, लगायतका पटक पटक भएका जनआन्दोलनका ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु, साथै विभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।जनताका प्रतिनिधिहरु मार्फत जारी भएको संबिधानको परिधि भित्र रही यस मार्मा गाउँ पालिकाको पन्ध्रौ गाउँ सभामा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

विश्वको बिभिन्न क्षेत्रमा देखापरेको द्वन्द र भू राजनीतिक तनावको कारण बिश्व ब्यापी रुपमा आपूर्तिका शृंखलाहरुमा पर्न गएको अवरोधका कारण बिश्व बजारमा देखापरेको मन्दीको असरले नेपाललाई समेत प्रभाव पारेको छ । राजश्व र आम्दानीका प्रायः श्रोतहरु संघीय सरकारले आफ्नो नियन्त्रणमा राख्ने तर स्थानीय तह प्रतिको दायित्व पुरा गर्न संघीय सरकार गम्भीर नबन्नुको कारण संघीय सरकारबाट स्थानीय तहले प्राप्त गर्नु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ जसको कारण पालिकाले शुरु गरेका बिकाश निर्माणका कार्यक्रमहरु सम्पन्न गर्न ढिलाई हुन पुगेको छ ।हामी माझ एकातर्फ आन्तरिक आम्दानीका श्रोतहरुको अभाव रहेको छ भने अर्को तर्फ दक्ष जनशक्ती तथा श्रोतसाधनको अभाव जस्ता कारणले अपेक्षित उपलब्धीहरु हासिल गर्न समस्या रहेता पनि संघियताको मर्म र जनताको भावना अनुरुप उपलब्धि हासिल गर्न मार्मा गाउँपालिका निरन्तर प्रयासरत रहनेछ ।

हालसम्मको प्राप्त उपलब्धीहरुलाई थप मजबुत तथा संस्थागत गर्दै नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन र आगामी वर्षको नीति तथा कार्यक्रमले राखेका लक्ष्यहरु कार्यान्वयन गर्न आ व २०८१/८२ का लागि बजेट पेश गर्न गईरहको छु।

**<u>आ व २०८१/०८२ को बजेट निर्माण गर्दा तपसीलका पक्षहरुमा ध्यान दिएको छु ।</u>**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेका नीति तथा सिद्वान्तका साथै मार्मा गाँउपालिकाको नीति तथा कार्यक्रम, आर्थिक ऐन २०८१, विनियोजन ऐन २०८१ एवं मार्मा गाँउपालिका आमजनसमुदायहरु लगायत गाउँसभाका सदस्यहरुको सुझावलाई समेत समेटी यो बजेट निर्माणमा ध्यान पुर्याएको छु ।

- ✓ मार्मा गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, समाजिक तथा सांस्कृतिक विविधताका पक्षहरुमा ध्यान दिएको छु ।
- ✓ **समृद्ध मार्मा सुखी मार्माली** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, लक्ष्यन्मुख र यथार्त परक पक्षहरुलाई मध्यनजर गर्दै बजेटको ढाँचा तयार गरिएको छ।
- ✓ दिगो विकासका लक्ष्य, १६ औं योजनाको परिधि भित्र रहि मध्यकालिन खर्च संरचनाको आँकलन |
- ✓ गाउँपालिकाले संघीय एवं प्रदेश सरकारवाट प्राप्त गरेका बिभिन्न अनुदानहरु, राजश्व बाँडफाँड तथा मार्मा गाउँपालिकाको आन्तरिक श्रोतसाधनलाई ध्यान दिई बजेट तर्जुमा गरेको छु ।
- ✓ संघियताको मर्म र जनताका महत्वाकांक्षाकालाई मध्यनजर गरि सिमित स्रोत साधनको बाबजुत पनि सम्यक विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधीमा रही बजेट तर्जुमा गरेको छु ।
- ✓ बजेट तर्जुमा गर्दा नागरिकको स्वास्थ, सुरक्षा, उत्पादन र आर्थिक उपार्जन रोजगारी सिर्जना क्रमागत योजना सम्पन्नता लक्षित पुर्वाधार विकासका साथै आयआर्जन र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने जस्ता पक्षलाई समेटेको छु ।
- ✓ मानव संसाधन बिकाश र रोजगारी शृजना गर्ने गरि बजेटको तर्जुमा गरेको छु |

**उपस्थित महानुभावहरु,**

**आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका मूख्य उदेश्यहरु देहाय अनुसार रहेका छन ।**

- ✓ आगामी आ.व.०८०/०८१को बजेटको मूल मार्गदर्शन पालिका गौरवका आयोजना तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिने दिशामा केन्द्रित रहने छ,
- ✓ गाउँपालिकामा रहेको गरिबीलाई न्यूनीकरण गर्न तयार पारिएका रणनीतिक योजना जीविकोपार्जन र स्रोत साधनको परिचालनमा सवैको समान पहुँच हुने गरि कार्यक्रमहरु तय गरिएका छन।
- ✓ गाउँपालिकाको नीतिगत, संस्थागत सुधार गर्न आवश्यक बजेटको व्यवस्था सहित कार्यक्रम तय गरिने छ।
- ✓ शैक्षिक तथा स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित, विश्वसनिय र सेवा प्रवाहलाई चुस्तता दिनकोलागि भौतिक पुर्वाधार स्थापनाका साथै जनशक्ति व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडी बढाउने,
- ✓ सुशासन र पारदर्शिता मध्यनजर गरी विकासका आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक, बिस्वसनिय, उत्पादनमुलक र भरपर्दो बनाउने ,
- ✓ सामाजिक तथा आर्थिक रुपले पछाडी परेका वर्गहरु एवं बेरोजगार युवाहरुलाई रोजगार सृजना गरी आत्मनिर्भर तर्फ उन्मुख गराउने,
- ✓ समाजमा पछाडी परेका र सिमान्तकृत वर्गहरुलाई विकासको मुल प्रवाहमा समेटिने छ । जवाफदेही, उत्तरदायी तथा पारदर्शी संयन्त्र सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चिता,
- ✓ उपलब्ध साधनश्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी गाउँपालिकाको पुर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने,

*उपस्थित महानुभावहरु*

आगामी आर्थिक बर्ष २०८१/०८२को मार्मा गाउँपालिकाको अनुमानित आय संघीय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त, बिशेस अनुदान, राजश्व बाँडफाँड र मार्मा गाउँपालिकाको आन्तरिक आम्दानी देहाय बमोजिम पेश गर्दछु ।

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.१० करोड १५ लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान रु. १७ करोड ९ लाख २६ हजार |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त पुजीगत अनुदान रु. ६ करोड ३० लाख २० हजार|
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. ४ करोड ३० लाख
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ८ करोड ६२ लाख |
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. ९२ लाख ८४ हजार
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. १४ लाख २३ हजार
- ✓ प्रदेश सरकार समपुरक अनुदान रु.७१ लाख २५ हजार
- ✓ प्रदेश सरकार बिशेष अनुदान रु. ६५ लाख
- ✓ प्रदेश शसर्त चालु रु. ७ लाख ६० हजार
- ✓ प्रदेश शसर्त पुजीगत रु. १ करोड ६३ लाख
- ✓ आन्तरिक आय रु. ५२ लाख

माथि उल्लेखित संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, शसर्त अनुदान, राजश्व बाँडफाँड, बिशेस तथा समपुरक अनुदान र गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२को चालु, र पुँजीगत गरी कुल बजेट रु५१ करोड ५५ लाख ९१ हजार अनुमान गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

अब म आर्थिक बर्ष २०८१/०८२को व्ययको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।
गाउँपालिकाको कुल विनियोजित बजेट रु ५१ करोड ५५ लाख ९१ हजार मध्ये चालु तर्फ रु ३२करोड ४०लाख ४६हजार (६२.८५प्रतिशत), पुजीगततर्फ रु १९करोड १५लाख ४५हजार

(३७.१५प्रतिशत) खर्च हुने अनुमान गरेको छु । बाकि अपुग रकम चालु आ.व.को अन्तिम बैंक मौज्दातबाट व्यहोर्ने व्यवस्था मिलाएको छु |

**आर्थिक बर्ष २०८१ /०८२ को बजेट सारांश तपसिल अनुसार रहेको छ |**

- कृषि क्षेत्रको समग्र क्षेत्रको बिकास तथा १० बर्षे कृषि रणनीति कार्यक्रम, मार्गदर्शन, पकेट क्षेत्र बिस्तार, रैथाने जातका बिरुवा संरक्षण जस्ता कार्यका लागि संघिय सरकार बाट रु. १० लाख २९ हजार प्राप्त भएकोमा गाउँपालिकाबाट थप रु १५ लाख बिनियोजन गरेको छु ।
- पशुपंक्षी क्षेत्रको समग्र बिकास तथा कार्यक्रमको लागि संघीय सरकार बाट रु. १९ लाख ९२ हजार प्राप्त भएकोमा कृषकको मुख्य आम्दानीको श्रोतको रुपमा रहेको बाख्रापालन लगायतका कार्यक्रम संचालन गर्न मार्मा गाउँपालिकाबाट थप रु. १५ लाख बिनियोजन गरेको छु ।
- गुल्जर सास्कृतिक तथा पर्यटकीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- लटिनाथ पर्यटकीय पूर्वाधार बिकाश कार्यक्रम तथा लटिनाथ खेल मैदान निर्माण तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु त्यसै गरि मडबगड खेल मैदान निर्माण तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- रोजगारी तथा आम्दानीको मुख्य श्रोतको रुपमा रहेका अहिले संचालनमा रहेका साना तथा मझौला उद्योगहरुलाई निजि तथा अन्य निकायको साझेदारीमा थप व्यवस्थित गरि उत्पादित बस्तुको गुणस्तर सुधार लगायत बजारीकरण गर्न आवश्यक प्राबिधिक तथा आर्थिक व्यवस्थापन गरिदै लगिने छ |
- स्थानीय उद्यम र उद्यमी प्रवर्धन गर्ने, स्वरोजगार सृजना गर्ने उद्धेश्य सहित पालिकामार्फत संचालित लघुउद्यम बिकास कार्यक्रमको लागि संघीय सरकारबाट रु. १३ लाख प्राप्त भएकोमा उक्त कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु |

- स्थानीय बेरोजगारहरु युवाहरुलाई रोजागारी प्रदान गर्न प्रधानमन्त्री रोजगार एवम् युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना कार्यक्रममा संघीय सरकारबाट रु ९१ लाख ६ हजार प्राप्त बजेटमा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अनुसार थप रु. २० लाख बजेट बिनियोजन गरेको छु ।
- शैक्षिक क्षेत्र संचालन, व्यवस्थापन एवम उक्त क्षेत्रको समस्या सामाधान गर्ने गरि पालिकाको शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट रु.१३ करोड ३४ लाख २६ हजार बिनियोजन गरिएकोमा थप कार्यक्रम संचालन तथा शिक्षाक्षेत्रमा रहेको समस्या समाधान गर्न मार्मा गाउँपालिकाबाट रु.३ करोड ३५ लाख ५७ हजार बजेट बिनियोजन गरेको छु, जस अन्तर्गत लटिनाथ बहुमुखी क्याम्पसलाई अनुदान स्वरूप रु. १५ लाख, तपोवन मा.बि. पडपडालाई रु.१० लाख, दुर्गेश्वरी मा.बि घोल्जरलाइ रु.१०लाख, लटिनाथ मा.बि. रस्कोटलाइ रु. ५लाख, लामबगर आ.बि. लामबगर लाई रु. ८लाख, दुर्गेश्वरी मा.बि. ताकुलाई रु. ५लाख अनुदान बिनियोजन गरेको छु भने बिद्यालय अनुदान बाफत ३ लाख बिनियोजन गरेको छु |
- गाउँपालिका अन्तर्गत संचालनमा रहेको दिवा खाजा कार्यक्रम संचालन एवम व्यवास्थापन गर्न रु. १० लाख बजेट बिनियोजन गरेको छु |
- भवानी आ.बि.तोलिमांडौको अधुरो रहेको बिद्यालय भवन निर्माण सम्पन्न गर्न रु ३० लाख बजेटको व्यवस्थापन गरेको छु |
- स्वास्थ्य क्षेत्र सुधार तथा व्यवस्थापन गर्न संघीय सरकारबाट २ करोड १४ लाख २८ हजार प्राप्त भएकोमा स्वास्थ्य क्षेत्र व्यवस्थापन अन्तर्गत क्षमता बिकास, स्वास्थ्यकर्मी परिचालन, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकीकरण, स्वास्थ्यकर्मी प्रोत्साहन, महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन सहित रु. १ करोड ९४ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।
- वडा नं. ५ मा निर्माणाधीन अवस्थामा रहेको सुबिधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई निरन्तरता दिन रु. ५० लाख बिनियोजन गरेको छु |

- वडा न ४ को थाम बस्तीमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- मार्मा गाउँपालिका वडा नं.३ च्युरानिमा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्न रु. ३५ लाख बजेटको व्यवस्थापन गरेको छु |
- **उपाध्यक्ष पोषण कोशेली** कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- **एकल महिला लक्षित** कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- **महिला सशक्तिकरण, सिप बिकाश तथा जनचेतना कार्यक्रम**को लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- आरोग्य सेवा केन्द्र मार्फत बृद्ध बृद्धा तथा अन्य सबैलाई सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु |
- बहु क्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन संघीय सरकारबाट रु. १३ लाख बजेट विनियोजन भै आएकोमा मार्मा गाउँपालिकाबाट समेत आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत घरभेट सहितको स्वास्थ्य परिक्षण तथा उपचारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु |
- गर्भवती महिला तथा बालबालिकाहरुको पोषण स्थितिको लेखाजोखा गरि कुपोषण न्यूनीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मार्माबासिको स्वास्थ्य समस्यालाई मध्य नजर गरि सुबिधा सम्पन्न १० शैय्याको अस्पताल भवन निर्माण आगामी आ.व.मा नै सम्पन्न हुने संघीय सरकारबाट रु.६ करोड २० लाख, प्रदेश सरकारबाट रु. १करोड प्राप्त भइ आएकोमा गाउँपालिकाको दायित्व अन्तर्गत सम्पन्न गर्न आवश्यक पर्ने बजेटको व्यवस्थापन गरेको छु | भने चिकित्सकीय सेवा सुचारु गर्न संघिय तथा प्रदेश सरकारसँग आवश्यक व्यवस्थापनको लागि पहल गरेको छु ।
- मार्मा गाउँपालिका अन्तर्गत वडा नं. ४को मर्मति बस्तीमा शुद्ध खानेपानी तथा सरसफाई अन्तर्गत एक घर एक धारा नीति अनुरुप कार्यक्रम सम्पन्न गर्न रु. १ करोड ३५ लाख बजेटको व्यवस्थापन गरेको छु |

- खानेपानी सरसफाई तथा स्वच्छता इकाई (वाश युनिट) मार्फत N-Wash Plan अनुसार संचालन हुने गरि खानेपानीहरुको दिगोपना तथा मर्मत सम्भार कार्यक्रमहरुका लागि संघीय सरकारबाट बिउ पुजी स्वरूप रु. ५लाख प्राप्त भएकोमा थप कार्यक्रम संचालन गर्न रु. २० लाख बजेट बिनियोजन गरेको छु ।
- जिल्लास्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता जस्ता खेलकुद कार्यक्रम संचालन गर्न, मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रको पहिचान बढाउन र खेलाडीहरु लाइ प्रोत्साहन गर्ने नीति अनुरुप आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पारीबगड-गुल्जर-परमचुला सडकको निर्माण कार्यलाई निरन्तरता दिन संघीय सरकार मार्फत आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- लटिनाथ-सार्सी-बजानी-दुनि सडकखण्डको निर्माण कार्यलाइ तिब्रता साथ अगाडी बढाउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- प्रदेश समपुरक अनुदान अन्तर्गत लामबगर मटेला सडकनिर्माणका लागि रु.२३ लाख ७५ हजार प्राप्त हुन आएको छ भने पालिकाबाट उक्त योजना निर्माण गर्न समपुरक बाफत रु. २३ लाख ७५ हजार बिनियोजन गरेको छु ।
- पालिका अन्तर्गतका बिभिन्न ठाउँका  खोलाहरुमा आवत जावत गर्न झोलुङ्गे पुल क्षेत्र सहयोग कार्यक्रम संचालन गर्न संघीय सरकारमार्फत आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- विद्युतीकरण हुन बाकी रहेका बस्तीमा विद्युतीकरण गर्ने कार्यक्रमका लागि आवश्यक व्यवस्थापन गरेको छु ।
- मार्माका ब्यापारिक केन्द्र बिन्दु मानिएका मुख्य बजार सडक छेउमा तथा पर्यटकीय स्थलहरुमा सोलार सडक बत्तीको ब्यबस्थापन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- आगामी आ.व.मा पनि संघीय बिशेस अनुदानबाट मार्मा गाउँपालिका वडा नं.४ मा रहेको तपोवन मा.बि. पडपडा बिद्यालय भवन निर्माण गर्न रु. १ करोड ४५ लाख र वडा नं.१मा रहेको दुर्गेश्वरी मा.बि. घोल्जरको भवन निर्माण कार्यलाई निरन्तरता दिन एवम आगामी आ.व.मा सम्पन्न गर्ने गरि रु. १ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु ।

- वडा कार्यालयबाट स्तरीय सेवा प्रदान गर्न वडा नं. ६ को वडा कार्यालय भवन निर्माण गर्न प्रदेश समपुरक अनुदान अन्तर्गत रु ४७ लाख ५० हजार प्राप्त हुन आएकोमा उक्त योजना सम्पन्न गर्न पालिकाबाट पनि समपुरक बाफत रु ४७ लाख ५० हजार बिनियोजन गरेको छु |
- १० बर्षे जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने शहिद परिवारहरुका लागि सम्मान वाफत दिदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ.वका लागि पनि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सहिद छात्रवृत्ति कोषका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु | सो कोष मार्फत दलित, बिपन्न तथा शहिद परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- मार्मा गाउँपालिकाभित्र स्थायी वसोवास भएका र मार्मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षा उत्तीर्ण गरेका गरिब, जेहेन्दार, उत्कृष्ट बिद्यार्थी मध्ये प्रति बर्ष एक जना विद्यार्थीलाइ एम.वि.वि.एस. अध्ययन गर्न बार्षिक रु १० लाख विनियोजन गरि कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको क्षमता बिकास तथा पालिका क्षेत्रमा गरिने अभियानात्मक क्रियाकलापहरुका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु |
- गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई संचालन गर्न तथा वडा मेलमिलाप केन्द्र व्यवस्थापन गर्न रु.१५ लाख बजेट बिनियोजन गरेको छु ।
- बर्खायाम लगायत बिभिन्न समयमा आइ पर्ने विपदको सामना गर्न तथा प्रतिकार्य गर्न गाउँपालिका प्रकोप व्यवस्थापन कोष मार्फत विपद जोखिम न्यूनीकरण गर्न रु. १५ लाख बजेट बिनियोजन गरेको छु।
- वन तथा वातावरण क्षेत्रको संरक्षणको लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।
- गाउँपालिकाबाट प्रदान गरिदै आएको राजश्व संकलन तथा परिचालन गर्ने कार्य विकेन्द्रित गर्दै चालु आ.व.देखि नै अनलाइन मार्फत राजश्व संकलन कार्य गर्न वडा कार्यालयबाट संचालनका लागि आवश्यक व्यवस्था मिलाएको छु |

- वडा कार्यालयहरुबाट संचालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि रु.९८ लाख बजेट बिनियोजन गरेको छ ।
- पालिका सुचना प्रबिधिमैत्रि बनाउन तथा सेवा छिटो छरितो बनाउन इन्टरनेट जडान तथा भरपर्दो तुल्याउन आवश्यक बजेटको व्यवस्थापन गरेको छ ।
- पालिका अन्तर्गत रहेको जग्गा जमिनको व्यवस्थापन गर्न भू-बर्गीकरणका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छ ।

अन्तमा बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिका अध्यक्ष ज्यु, जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार प्रकट गर्न चाहन्छु । बजेट कार्यान्वयनमा समेत यहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

**!!!**

**धन्यवाद**